# बुद्धभूमि नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
## **कृषि विकास शाखा**
बुड्ढी कपिलवस्तु

मिति :२०७५/०६/१५

प.सं.०७५।०७६
सूचना नं.०७५/०७६-०७ कृषि

विषय: साझेदारी कृषि कार्यक्रमको प्रस्ताव अव्हानको सूचना सम्बन्धमा ।
प्रथम पटक प्रकाशित मिति २०७५/०६/१५

उपरोक्त सम्बन्धमा यस बुद्धभूमी नगरपालिकाको आ.व.२०७५/२०७६ को नगरसभाबाट बिनियोजित कृषि कार्यक्रम संचालन तर्फको रकम मध्येबाट संचालन गर्नुपर्ने साझेदारी कृषि कार्यक्रम अनुदान कार्यक्रम प्रथम चौमासिकमा ४ वटा र दोश्रो चौमासिकमा १० वटा संचालन गर्नुपर्ने भएकोले यस बुद्धभुमि नगरपालिकाको दश वटै वार्डमा रहेका कृषि सहकारी, कृषि समुह, उद्यमी, जल उपभोक्ता समिति तथा व्यवसायिक कृषकले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस बुद्धभुमी नगरपालिकाको कृषि विकास शाखामा साझेदारी कार्यक्रमको विस्तृत प्रस्तावना तयार पारी यस कृषि विकास शाखामा सम्पर्क राख्न हुन यो सूचना प्रकाशित गरिएको छ ।

**आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु**

१) आवेदक व्यवसायिक कृषक भए जग्गाको लालपूर्जा, नागरिकता को फोटोकपि १/१ प्रति
२) साझेदारी कार्यक्रमको विस्तृत प्रस्तावना १ प्रति
३) सम्बन्धित वार्डको सिफारिस
४) कृषि सहकारी, कृषि समुह, उद्यमी को हकमा दर्ता प्रमाणपत्र, कार्यक्रम संचालन निर्णय प्रतिलिपि र जल उपभोग्ता को हकमा निर्णय प्रतिलिपि अनिवार्य पेश गर्नुपर्ने छ ।
५) आवेदकको रु.१० को टिकट टाँस गरेको निवेदन

नोट : यस बुद्धभुमि नगरपालिकाको कृषि विकास शाखाबाट गत वर्ष कुनै किसिमको कार्यक्रम वा अनुदान प्राप्त गरेको भए यस कार्यक्रममा समावेश गराउन बाध्य हुनेछैन ।

कृषि प्रसार अधिकृत